पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौं

## योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :-
चलानी नं.२०७८/७९/योजना २२५
प्राप्त पत्र संख्या र मिति :-

मितिः २०७८/०८/१०

विषयः कार्यविधि सम्बन्धमा।

श्री जलवायु परिबर्तन ब्यवस्थापन महाशाखा,
वन तथा वातावरण मन्त्रालय, सिहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ (नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ र पारिस्थितिकिय प्रणालीमा पुनर्स्थापना मार्फत जलवायु अनुकूलित प्राकृतिक पूँजि तथा ग्रामिण जीविकोपार्जनका लागि पारिस्थितिकिय प्रणालीमा आधारित अनुकूलन आयोजना, Eba-II) मा श्री अर्थ मन्त्रालयको च.नं. २८१, मिति २०७८।०७।३० को पत्रबाट सहमति प्राप्त भई वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०७८।०७।०६ को निर्णयानुसार स्वीकृत भएकोले उक्त स्वीकृत कार्यविधि आवश्यक कार्यार्थ लागि १(एक) प्रति यसै साथ राखी पठाईएको ब्यहोरा अनुरोध छ । उक्त कार्यविधि www.mofe.gov.np मा उपलब्ध हुने व्यहोरा अनुरोध छ।

२०७८/८/१०
..................
(राजु गुरुङ्ग)
सहायक भू संरक्षण अधिकृत

# नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ (NCCSP2), कार्यक्रम कार्यान्वयन कार्यविधि, प्रदेशस्तर, २०७८/०७९

**नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोस्रो चरण (NCCSP2) कार्यक्रम कार्यान्वयन कार्यविधि, प्रदेशस्तर, (२०७८)**

## १. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको नकारात्मक प्रभावको जोखिम उच्च रहेका राष्ट्रहरु मध्ये एक हो । नेपालमा विगत केही दशकयता बाढी, पहिरो, डढेलो तथा खडेरी जस्ता जलवायुजन्य प्रकोपहरूका कारण ठूलो मात्रामा जनधनको क्षति भइरहेको छ भने कृषि, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा तथा पूर्वाधार विकासका क्षेत्रहरूमा समेत जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरु देखा परेका छन् । जोखिममा रहेका समुदाय, पारिस्थितिकीय प्रणाली (Ecosystems) तथा जलवायु-संवेदनशील क्षेत्रहरूलाई जलवायु परिवर्तनको असरहरूबाट सुरक्षित (Safeguarding) पार्न जलवायु परिवर्तन अनुकूलनको भूमिका मुख्य रहेको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले आत्मसाथ गरेको छ । प्राकृतिक स्रोत तथा पारिस्थितिकीय प्रणाली सेवाहरूमा बढी मात्रामा निर्भर रहेको नेपालको अर्थव्यवस्थाको सन्दर्भमा जीविकोपार्जनलाई यस्ता परिवर्तनहरूले धेरै चुनौतीहरू सृजना गर्छन् । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लाई कार्यान्वयनको लागि स्थानीय अनुकूलन कार्ययोजना (लापा) खाका २०७६ नेपाल सरकारले स्वीकृत गरेको छ ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश सरकारसँगको सहकार्यमा उक्त प्रदेशहरुअन्तर्गत २६ वटा स्थानीय तहहरुमा जलवायु परिवर्तन अनुकुलन र उत्थानशीलता क्षमता अभिवृद्धि गर्नका लागि सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरणको आ.व. २०७८।७९ मा सशर्त अनुदानतर्फ वजेट तथा कार्यक्रम विनियोजन गरिएको छ । विनियोजन वजेटको बजेट सीमा तथा समयसीमा भित्रै कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं गुणस्तरीय नतिजा प्राप्तिका यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ तयार गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्थापकीय, प्राविधिक तथा प्रशासनिक कार्यजिम्मेवारी नेपाल सरकारको नीति नियमका साथै बेलायती सहयोग नियोग (युकेएड)संगको समझदारीमा उल्लेख शर्तहरु अवलम्वन गर्न सहयोग पुर्‍याउने विषय यस कार्यविधिमा समावेश गरिएकोछ । कार्यक्रम कार्यान्वयनका अनुभव तथा सिकाईका आधारमा आवश्यक परेको खण्डमा यसमा संशोधन गर्न सकिनेछ ।

सोही अनुरुप योजना तर्जुमा तथा कार्यान्वयन गर्दा उद्योग, पर्यटन, वातावरण तथा वन मन्त्रालय, कर्णाली प्रदेशबाट तर्जुमा हुने योजनालाई उत्थानशीलता तथा अनुकुलन क्षमता बढाउन र कार्यान्वयन हुने कृयाकलापलाई जलवायुमैत्री बनाउन आवश्यक पूरक कृयाकलापका लागि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोस्रो चरणले आवश्यक आर्थिक सहयोग र प्राविधिक सहायता उपलब्ध गराउनेछ । नेपाल सरकार, संघीय वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशअन्तर्गत उद्योग, पर्यटन, वातावरण तथा वन मन्त्रालय, तथा प्राविधिक साझेदार संस्थाहरु यस कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार निकायहरु हन् । बेलायती सहयोग नियोगले नियुक्ति गरेको प्राविधिक सहयोग सेवा प्रदायकका रुपमा मोट म्याकडोनाल्ड लिमिटेडले परियोजना कार्यान्वयन र व्यवस्थापनमा सहयोग पुर्‍याउने छ भने केमोनिक्स इन्टरनेशनलले वित्त व्यवस्थापन सहयोगीको रुपमा कार्य गर्नेछ ।

## २. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को प्राथमिकता क्षेत्र र लगानीका आधारहरु

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यक्रमले आगामी आ.व.२०७८/७९ को योजना तर्जुमाको चरणमा जलवायु परिवर्तन सम्बन्धी बैज्ञानिक तथ्यमा आधारित रही तपशिल बमोजिमका प्राथमिकता क्षेत्रका कृयाकलापहरुलाई केन्द्रित गरिएको छ ।

- लगानीका विषयगत क्षेत्रहरु (कृषि, खाद्य सुरक्षा, उपजलाधार, जलाधार तथा जलश्रोत, वन तथा जैविक विविधता) मा केन्द्रित

- संकटासन्न क्षेत्र, वर्ग, समूह तथा घरधुरीहरु केन्द्रित
- वहुवर्षिय, वहुआयामिक, एकिकृत विकास कृयाकलापहरु (पूर्वाधार, जीविकोपार्जन) आदिसमेटिएका मझौला तथा ठुला योजनाहरु
- जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलतासंग सम्बन्धित कृयाकलापहरुलाई प्राथमिकता
- जलाधार तथा उप जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील सम्बन्धी क्षमता अभिबृद्धि क्रियाकलापहरु
- उप जलाधारक्षेत्रहरुको अध्ययन तथा उक्त अध्यनले सुझाएको अनुकूलनका क्रियाकलापहरु

### ३. योजना तर्जुमा तथा कार्यान्वयन

जलवायु परिवर्तनको दृष्टिले अत्यन्तै जोखिममा रहेको कर्णाली प्रदेशले विभिन्न प्रकारका प्राकृतिक विपद्का घटनाहरुको सामना गर्दै आईरहेको छ । यसबाट भविष्यमा थप चूनौतीहरु सृजना हुनेछ । तसर्थ यस्ता जलवायुजन्य जोखिमलाई व्यवस्थापन गर्नको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशले तपसिलमा सम्भावित क्रियाक्लापहरुलाई समाबेश गर्न सक्नेछ ।

- प्रदेशस्तरिय संकटासन्नता तथा जोखिम विश्लेषण एवं प्रदेशस्तरिय जलवायु परिवर्तन अनुकूलन योजना एवं रणनीति तयारी
- संकटासन्नता तथा जोखिम विश्लेषण एवं नक्शाकंन गरी जलाधार तथा उप जलाधार पहिचान
- जलवायुमैत्री जलाधार तथा उप जलाधार व्यवस्थापन एकिकृत योजना तयारी
- स्थानीय तथा प्रदेश मन्त्रालय अर्न्तगत रहेका प्राविधिक कमर्चारी तथा सरोकारवाहरुलाई जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील, जलवायमैत्री जलाधार तथा उप जलाधार सम्बनधी अभिवृद्धि तालिम
- जलवायुमैत्री जलाधार तथा उप जलाधार व्यवस्थापन एकिकृत योजना कार्यान्वयन, जलवायुमैत्री जीपवकोपार्जन, जलवायुमैत्री, कृषि तथा कृषि वनसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा सहयोग
- जलवायु परिवर्तनले पारेका असर तथा प्रभावलाई समेटिने प्रचारप्रसार सामाग्री तयारी तथा प्रसारण
- जलवायुमैत्री वन तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनका क्रियाक्लापहरु
- प्रदेश सरकारको जैविक तथा हरियाली प्रबर्धन अभियानलाई सहयोग पुग्ने खालका क्रियाक्लापहरु : बहुआयामिक तथा जीविकोपार्जन क्रियाकलापहरु जस्तै : स्याउ, ओखर, टिमुर, अदुवा खेती तथा अन्य गैह्रकाष्ठ वन पैदावारहरुको उत्पादन, संरक्षण तथा ब्यवस्थापनका क्रियाकलापहरु
- संकटासन्न समुदायका लागि साना तथा घरेलु उद्योग (स्थानीय अचार, जाम, अदुवा, बेसार, छाला उद्योग आदि) लाई टेवा पुग्ने खालका क्रियाकलापहरु

### ४. वजेट तर्जुमा प्रकृया

आ.व. २०७८।७९का लागि बजेट तर्जुमा तथा रकमान्तरका लागि देहायका बुँदामा ध्यान दिनुपर्नेछ ।

- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को बजेट तल दिइएको ढाँचा अनुरुप तयार गर्नु पर्नेछ :

| क.स. | प्रस्तावित क्रियाकलाप | नेजपसका२ को योगदान | प्रदेश मन्त्रालयको योगदान | कुल बजेट |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | जलवायुमैत्री वा जलवायु उत्थानशील कृयाकलापहरु | | | |
| १.१ | कृयाकलापहरु १ | | | |
| १.२ | कृयाकलापहरु २ | | | |
| १.३ | ............. | | | |
| २ | कार्यक्रम अनुगमन खर्च | | | |
| ३ | जलवायु परिवर्तन सम्बन्धी तालिम, गोष्ठी तथा अर्न्तक्रिया कार्यक्रम (प्रदेश र स्थानीय तह स्थित सरोकारवाला निकायहरु) | | | |
| | जम्मा खर्च (१+२+३) | | | |

- विनियोजन अध्यादेश (२०७८) मा व्यवस्था भए वमोजिम सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्ति भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयन प्रकृया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई बुझाउनु पर्नेछ।
- प्रदेश मन्त्रालयलाई लागू हुने नर्म्स/दररेटका आधारमा कृयाकलापको लागत अनुमान तथा खर्च व्यवस्थापन गरिनेछ।
- योजना तर्जुमा गर्दा प्राविधिक सहायता प्रदायकको सहकार्यमा गर्नु पर्नेछ। प्राविधिक सहायता प्रदायकले कृयाकलापको विस्तृत कार्ययोजना तय गर्न तथा कार्यान्वयन गर्न प्राविधिक सहयोग गर्नेछ।
- कार्यक्रमको प्रभावकारी सहजिकरणको लागि करारमा एक कर्मचारी राख्न सकिनेछ तर उक्त कर्मचारीको बार्षिक कूल जम्मा खर्च (मासिक तलब, भत्ता, नियुक्तिमा लाग्ने खर्च) कूल कार्यक्रम खर्चको ४ प्रतिशत भन्दा बढी हुने छैन। प्राविधिक सहायता प्रदायकले करार कर्मचारीको कार्यक्षेत्र तोक्न तथा छनौट गर्ने प्रकृयमा प्राविधिक मुल्यांकनकर्ताको रुपमा सहजीकरण गर्नेछ।
- कुनै कृयाकलापमा वजेट अपुग हुने वा रकमान्तर गर्नुपर्ने अवस्थामा बजेट बचत भएको अन्य कृयाकलापबाट सम्भव भएसम्म बजेट व्यवस्थापन गरिनेछ। यस्तो निर्णय प्रदेश मन्त्रालय र प्राविधिक सहायता प्रदायकको संयुक्त सहमतिमा गर्न सकिनेछ।
- यदि प्रदेश मन्त्रालय र कार्यक्रमको संयुक्त लगानीका कृयाकलापको बजेट कोटेशन वा बोल पत्र प्रकृयाबाट खरिद क्रममा वचत हुन गएमा बचत रकमलाई बजेटको अनुपातमानै सशर्त अनुदानको र प्रदेश कोषको बचत कायम गरिनेछ। सशर्त अनुदानको खर्च नभई बाँकी रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछ।

## ५. भुक्तानी प्रकृया तथा अभिलेखिकण

- मितव्ययीता तथा पारदर्शिता कायम गर्दै लागू भएका ऐन, नियम तथा कार्यविधि (जस्तैः सार्वजनिक खरिद, आर्थिक प्रशासन, खर्च सार्वनिजीकरण आदि) अनुरुप कार्य सञ्चालन गर्ने मुख्य जिम्मा प्रदेश मन्त्रालयको

हुनेछ । बाह्य सेवा प्रदायकबाट गरिने कार्यको सन्तोषजनक कार्यसम्पादन तथा आवश्यक कागजातहरु प्राप्त भएपछि मात्र भुक्तानी गर्नु पर्नेछ ।

- कार्यक्रमबाट कुनै प्रकारको कन्टिन्जेन्सी वा अन्य कोषमा भुक्तानी हुनेछैन ।
- कृयाकलाप सञ्चालन गर्दा कर्मचारी पेश्की मार्फतभन्दा सेवा प्रदायक वा विक्रेतालाई चेक मार्फत सीधै भुक्तानी गर्ने विधिमा जोड दिनुपर्नेछ ।
- कार्यक्रमसम्बन्धी सबै कागजातमा यस कार्यक्रमका प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको आवश्यकता अनुरुप पहुँच सुनिश्चित हुनुपर्दछ ।
- प्राविधिक सहायता प्रदायकको प्राविधिक गुणस्तरीयता निरीक्षण र वित्त व्यवस्थापन सहयोगीको वित्तीय व्यवस्थापन मुल्यांकनका क्रममा त्रुटि वा कैफियत देखिएमा सम्बन्धित संस्थाले प्रदेश मन्त्रालयलाई सोको जानकारी गराउने छ । आवश्यक त्रुटि सच्याउने वा व्यवस्थापन सुधार गर्ने कार्य कार्यक्रम तथा प्रदेश मन्त्रालयको समन्वयमा गरिनेछ ।
- निरीक्षण मुल्यांकन र वित्तीय विवरणका अनुगमनका क्रममा देखिएका कैफियत सहित वित्त व्यवस्थापन सहयोगीले त्रैमासिक वित्तीय विवरणको शोधभर्नाका लागि दातृ निकायमा पेश गरिन्छ । त्यसैले त्यस्ता कैफियत तथा त्रुटि सच्याउन विशेष ध्यान दिन जरुरी छ ।
- वित्तीय विवरणलाई सठिक राख्न मन्त्रालयलाई कम्तीमा मासिक रुपमा बैंक हिसाव मिलान तयार गर्न अभिप्रेरित गरिन्छ ।
- प्रचलित कानुन बमोजिम खर्चको बजेट शीर्षक, कृयाकलाप, खर्च शीर्षक, तथा श्रोतसमेत खुल्ने गरी लेखांकन गरी वित्तीय प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## ६. अनुगमन तथा प्रतिवेदन

- समग्र सम्झौताको व्यवस्थापन र बजेट तथा समय सीमाभित्र उद्देश्य अनुसारको कार्यसम्पादन सुनिश्चित गर्ने र सोको प्रतिवेदन प्राविधिक सहायता प्रदायकमार्फत संघीय वन तथा वातावरण मन्त्रालय तथा दातृ निकायलाई उपलब्ध गराउने मुख्य जिम्मेवारी प्रदेश मन्त्रालयको हुनेछ । प्राविधिक सहायता प्रदायकको भूमिका कार्यसम्पादन प्रगति अनुसार गुणस्तर पुनरावलोकन गर्ने र गुणस्तर सुधारका लागि प्राविधिक सहायता प्रदान गर्ने हुनेछ ।
- यस कार्यक्रमअन्तर्गत गाउँ/नगरपालिकामा सञ्चालित कार्यहरुको अनुगमन तथा समन्वयका लागि प्रदेश मन्त्रालयको सहभागिता रहनेछ ।
- प्रदेश मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६) तथा विनियोजन अध्यादेश (२०७८)मा व्यवस्था भएअनुरुप सशर्त अनुदानको खर्चसम्बन्धी मासिक, त्रैमासिक तथा वार्षिक विवरण कोष तथा लेखा नियन्त्रण कार्यालयलाई र त्यसको एक प्रति प्राविधिक सहायता प्रदायकमार्फत वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।
- त्रैमासिक रुपमा वित्तीय तथा भौतिक प्रतिवेदन एकिकृत गरी बेलायत सरकारबाट शोधभर्ना प्राप्त गर्ने जिम्मा वन तथा वातावरण मन्त्रालयको रहनेछ । प्राविधिक सहायता प्रदायक टोलीले सो विवरण एकिकृत गर्न आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछन् ।

## ७. आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

- कार्यक्रमसम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त राखी हानी नोक्सानी हुन नदिने जिम्मा प्रदेश मन्त्रालयको हुन्छ । प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको तर्फबाट आन्तरिक नियन्त्रण प्रणालीको मुल्यांकन तथा सुदृढीकरणका लागि पहल गरिनेछ ।
- प्रचलित कानुनबमोजिम कार्यक्रमको आन्तरिक लेखापरीक्षण गराई प्राप्त सुझावको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मा प्रदेश मन्त्रालयको हुन्छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका विषयलाई प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीले एकिकृत गर्ने र सोका आधारमा आन्तरिक नियन्त्रण प्रणाली सुधारमा सघाउ पुऱ्याउने कार्य गर्नेछन् ।
- सबै बजेटमा आधारित कार्यक्रमको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुन्छ ।
- यस कार्यक्रमसम्बन्धी महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षणमा देखिएका बेरुजू तथा कैफियतलाई वार्षिक रुपमा एकिकृत गर्ने, समीक्षा गर्ने तथा दातृ निकायलाई प्रतिवेदन गर्ने अभ्यास हरेक वर्ष गरिनेछ ।
- प्राविधिक सहायता प्रदायक, दातृ निकाय तथा नेपाल सरकारका तर्फबाट प्राविधिक लेखापरीक्षण तथा वित्तीय मुल्यांकन आदि कार्य गर्न सकिनेछ ।

## ८. आचारसंहिता

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका लागि निर्धारित आचार संहिताका बुँदाहरु देहाय अनुसार रहेका छन् र यो कार्यक्रम अन्तर्गतको सरकारी, गैरसरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुमा कार्यरत कर्मचारी/प्रतिनिधिहरुले यसको पालना गर्नु पर्नेछ ।

- धर्म, जातीयता, लिंग, लैंगिक, यौनिक झुकाव, वर्ग, जाति, समुदाय, राष्ट्रियता, राजनीतिक विश्वास वा आवद्धताको आधारमा वा अन्य कुनै कारणले सहकर्मी कर्मचारी, लाभग्राही तथा समुदायका सदस्य कसैप्रति पनि भेदभाव गर्न पाइदैन ।
- दुरुपयोग, शोषण र हिनामिना प्रति शून्य सहनशिलता ।
- सवैलाई सम्मानपूर्ण व्यवहार, कुनै पनि समयमा हिंसा, दुरुपयोग, भेदभाव वा शोषणका रुपमा हेरिने कुनै पनि कार्यमा संलग्न हुन नहुने ।
- निष्ठापूर्वक काम गर्नुपर्ने तथा इमान्दारी वा भ्रष्टाचार तथा कुनै पनि किसिमको हिनामिना, पक्षपात, आफन्तवाद, वदमासी वा घुस लिनेदिने कार्य गर्न नहुने ।
- पृष्ठपोषणलाई स्वीकार गर्ने तथा सुशासनको सिद्धान्त तथा सहभागितामूलक निर्णय प्रक्रियालाई प्रवर्द्धन गर्ने ।
- कार्यक्रम, प्राविधिक सहायता प्रदायक, गाउँ/नगरपालिका, मन्त्रालय वा दातृ निकायको प्रतिष्ठामा आँच पुग्ने काम गर्न नहुने ।
- निहित स्वार्थको द्वन्द्वलाई नकार्ने तथा द्वन्द्वको अवस्था सिर्जना हुने अवस्थामा पूर्व सूचना दिने
- सूचनाको गोपनियताको सम्मान गर्ने ।
- कुनै पनि व्यक्तिगत तथा संस्थागत फाइदाका लागि अरुलाई प्रभाव पार्ने गरी कार्यक्रमको सेवा तथा लाभको दुरुपयोग गर्न नहुने ।
- समान कामका लागि समान पारिश्रमिक ।

आचारसहिंताको पालनासम्बन्धी अनुगमन तथा सोको अवस्था बारे प्रतिवेदन गर्ने जिम्मा कार्यक्रम व्यवस्थापन इकाइको हुनेछ । सो कार्यान्वयनका लागि समुदायबाट गुनासो संकलनका लागि प्राविधिक सहायता प्रदायकले उचित माध्यमको व्यवस्था गर्नेछ ।

**९. भ्रमण सम्बन्धी नीति**

कार्यक्रमका क्रियाकलापहरु तथा जलवायु अनुकुलन तथा उत्थानशील परियोजनाहरुको अनुगमन सम्बन्धी भ्रमणका लागि भ्रमण आदेश, भ्रमण अभिलेख, सवारीका साधन प्रयोग सम्बन्धी नीति र दैनिक भ्रमण भत्ताको दर समेतका लागि प्रदेश सरकारको भ्रमण सम्बन्धी नियम लागू हुनेछ ।

कार्यरत स्थानभन्दा बाहिर प्राविधिक सहायता प्रदायकले आयोजना गरेको कार्यशाला तथा तालिममा खर्चको नर्म्स मोट म्याकडोनाल्ड लिमिटेडको नेपाल शाखाको भ्रमण नीति अनुसार हुनेछ । त्यसैगरी वित्त व्यवस्थापन सहयोगीले आयोजना गर्ने बैठक तथा कार्यशालाहरु सम्बन्धी खर्च केमोनिक्स इन्टरनेशनल नेपालको नियमानुसार हुनेछ ।

जुनसुकै अवस्था भएपनि भ्रमण सम्बन्धी आदेश सहभागीकै संस्थाबाट जारी भएको हुनु पर्नेछ । भ्रमण सम्बन्धी खर्च भुक्तानी माग गर्दा आयोजकलाई सक्कल कागजातहरु उपलब्ध गराउनु पर्नेछ ।